STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर ३ गते शुक्रबार ❑ 19 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कोरोनाका कारण दुई जनाको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा दुई कोरोना सङ्क्रमितको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्याङ्जाको पुतलीबजार नगरपालिका-४ का ६४ वर्षीय पुरुष र मुस्ताङको थासाङ गाउँपालिका-२ का ९१ वर्षीय पुरुष रहेको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, गण्डकीका संयोजक नवराज शर्माले जानकारी दिनुभयो। यीसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार ४०७ पुगेको छ। पछिल्लो २४ घण्टाको तथ्याङ्कअनुसार प्रदेशमा २७ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् भने १८ जना सङ्क्रमित थपिएका छन्। थपिनेमा कास्कीका आठ, तनहुँ र लमजुङका तीन/तीन, नवलपरासी (बर्दघाट सुस्तापूर्व)का दुई, मनाङ र मुस्ताङका एक/एक जना रहेको निर्देशनालयले जनाएको छ। प्रदेशमा सक्रिय सङ्क्रमित २८१ र होम आइसोलेसनमा २३७ जना रहेका छन्।

यसैगरी बिहीबार देशभरमा गरी थप २९९ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर पछिल्लो २४ घण्टामा ११ हजार १५१ को परीक्षण गरिएको थियो। बिहीबार २६० जना सङ्क्रमणबाट मुक्त भएका छन्। योसँगै निको हुनेको सङ्ख्या सात लाख ९९ हजार १७६ पुगेको छ। निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। नेपालमा सक्रिय सङ्क्रमित सात हजार ६४२ रहेका छन्। नेपालमा सङ्क्रमणदर १८ प्रतिशत रहेको छ। पछिल्लो २४ घण्टामा थप छ जनाले कोरोनाबाट ज्यान गुमाएका छन्। योसँगै हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ४८९ पुगेको छ।

## पर्यटकीय साझेदारी सम्बन्धमा छलफल

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर




बङ्गलादेशका पर्यटन व्यवसायी र पोखराका पर्यटन व्यवसायीबीच पर्यटकीय साझेदारीलगायतका विषयमा पोखरामा छलफल भएको छ।

प्यासिफिक एशिया ट्राभल एशोसिएशन (पाटा) नेपालको निमन्त्रणामा नेपालको परिचयात्मक भ्रमणमा रहेको पाटा बङ्गलादेशका पदाधिकार सहित त्यहाँका पर्यटन व्यवसायी र सञ्चारकर्मीसँगको भेटमा पर्यटकीय साझेदारी बढाउँदै कोरोना प्रभावित पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउन पर्नेमा जोड दिइयो। पोखरा पर्यटन परिषद्को आयोजना, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन एवं पाटा नेपालको संयोजनमा आयोजित कार्यक्रमका वक्ताले कोरोना महामारीका कारण प्रभावित पर्यटनलाई साझेदारीका माध्यमबाट अघि बढाउन सकिएमा चाँडै नै पर्यटन क्षेत्रमा राम्रो सन्देश जाने बताए। पाटा नेपालका कार्यकारी सदस्य टीकाराम सापकोटाले कोरोना प्रभावित पर्यटनलाई उठाउन अहिलेको आवश्यकता भएको चर्चा गर्दै छिमेकी राष्ट्रबीचको पर्यटकीय साझेदारी अपरिहार्य भएको बताउनुभयो। कोरोनाअघि नेपालमा वार्षिक २६ हजारको संख्यामा बङ्गलादेशका पर्यटक आउने गरेको उहाँले जानकारी दिनुभयो। पाटा बङ्गलादेशका अध्यक्ष शाहीद हमिदले नेपाल दृश्यावलोकना लागि आकर्षक गन्तव्य रहेको उल्लेख गर्दै यहाँका हिमाली दृश्यले बङ्गलादेशका पर्यटकलाई लोभ्याउने गरेको बताउनुभयो। नेपाल र बङ्गलादेशबीच पर्यटकीय सम्बन्धलाई बलियो बनाउनुपर्ने उहाँले धारणा राख्नुभयो। नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रमुख काशीराज भण्डारीले एक देश र अर्को देशका व्यवसायीबीच हुने साझेदारीका कार्यक्रमले दुवैलाई फाइदा पुग्ने बताउनुभयो।

पोखरा पर्यटन परिषद्का महासचिव रामचन्द्र शर्माले कोरोना प्रभावित पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउन यस किसिमका कार्यक्रम अपरिहार्य भएको बताउँदै व्यवसायीबीचको यो कार्यक्रम फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा पाटा बङ्गलादेशका पदाधिकारी, पर्यटन व्यवसायी तथा सञ्चारकर्मीसहित १८ जना र पोखराका पर्यटन व्यवसायीको सहभागिता थियो।

## गोला प्रणालीसहितको नियमावली पास गर्ने फूलकोर्टको निर्णय

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरासहित सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशको पूर्ण बैठक (फूलकोर्ट) ले गोला प्रणालीसहितको नियमावली पास गर्ने निर्णय गरेको छ।

प्रधानन्यायाधीश राणासहित १९ जना न्यायाधीशको पूर्ण बैठकले गोला प्रक्रियासहितको नियमावली र गोला प्रणालीको कार्यविधि बनाउने निर्णय गरेको हो। सर्वोच्च अदालतको नियमावली राजपत्रमा प्रकाशित भएपछि गोला प्रणालीबाट पेसी व्यवस्थापनका लागि बाटो खुल्नेछ।

प्रधानन्यायाधीश राणाबाट उक्त कार्यविधि अनुमोदन गरेर कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले राजपत्रमा प्रकाशित गरेपछि गोला प्रणाली लागू गर्ने व्यवस्था कार्यान्वयनका लागि कानूनी आधार हुनेछ। सर्वोच्च अदालतका न्यायाधीश र नेपाल बार एशोसिएसनले गोला प्रणालीबाट पेसी व्यवस्थापन गर्नुपर्नेलगायतका सुझावसहितको सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयन गर्न माग गर्दै आएको थिए।

## नेपाली मौलिकतासहितको समाजवादको खाका तय गरिने : नेता पुन

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का केन्द्रीय सदस्य एवं पूर्व उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गणेशमान पुनले पार्टीको आसन्न राष्ट्रिय सम्मेलनबाट नेपाली मौलिकतासहितको समाजवादको खाका तय गरिने बताउनुभएको छ। पोखरामा बिहीबार कार्यकर्ता भेटघाटमा उहाँले पार्टीको नेतृत्वमा हालसम्म भएका परिवर्तनका एजेण्डाहरुको स्वामित्व लिने र जनता र उत्पादनसँग जोड्दै समाजवादमा पुग्ने कार्यदिशा पार्टीको रहने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, 'पावर पोलिटिक्समा डुबेको माओवादी पार्टीलाई सुधार गरेर सच्चयाउने अवसर राष्ट्रिय सम्मेलनमा छ।' युवा नेता पुनले पार्टीका वडा र पालिका सम्मेलनहरुमा स्थानीय एजेण्डाका बारेमा बहस हुनुपर्ने र त्यसलाई स्थापित गर्नुपर्नेमा कुनै पनि पार्टीमा त्यस्तो हुन नसकेको टिप्पणी गर्नुभयो।

माओवादी पार्टीलाई ज्ञानमा आधारित पार्टी बनाउनुपर्नेमा नेता पुनले जोड दिनुभयो। उहाँले भन्नुभयो, 'माओवादीलाई नलेज बेस पोलिटिक्स र नलेज बेस पार्टी बनाउनुपर्‍यो।'

## प्रेस चौतारी कास्कीको अधिवेशन तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

प्रेस चौतारी नेपाल कास्कीको शुक्रबार हुने आठौं अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको छ।

नेकपा एमालेका सचिव एवं गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले अधिवेशनको उद्घाटन गर्ने चौतारी कास्कीका अध्यक्ष अर्जुन गिरीले जानकारी दिए। अधिवेशनको तयारीका लागि बिहीबार भएको कार्यसमिति बैठकमा सहभागी हुँदै प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतले कास्कीले अरु ७६ जिल्लालाई नै सकारात्मक सन्देश दिनेगरी अधिवेशन सम्पन्न गर्न सुझाव दिए। "अहिलेको अवस्थामा कास्कीबाट जाने सन्देश सकारात्मक हुनुपर्छ" उनले भने "त्यसका लागि तपाईंहरु सबै उत्तिकै जिम्मेवाररुपले अघि बढ्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु।" संगठन बलियो बनाउन सबैले पहल गर्नुपर्ने समय रहेको बताउँदै जुभाफ ढंगले सगठनलाइ मजबुत बनाउनेतर्फ लाग्न उनको आग्रह थियो। सो क्रममा प्रेस चौतारी कास्कीका संस्थापक अध्यक्ष पुण्य पौडेल, नेकपा एमाले प्रचार विभागका सदस्य रामकृष्ण ज्ञवाली, चौतारीका गण्डकी प्रदेश सह-इन्चार्ज श्याम कुँवर, गण्डकी प्रदेशका अध्यक्ष सुष्मा पौडेल, प्रेस चौतारी कास्कीका पूर्व अध्यक्ष माधवप्रसाद बराल, सल्लाहकार दीपेन्द्र श्रेष्ठ लगायतको विशेष उपस्थिति थियो।

बैठकले नयाँ थपिएका ५६ जनाको सदस्यता अनुमोदन समेत गरेको छ। अधिवेशन सफल पार्नका लागि अध्यक्ष गिरीको संयोजकत्वमा विभिन्न उपसमितिहरु गठन गरी कार्य अघि बढाईएको थियो। अधिवेशनले आगामी ३ वर्षे कार्यकालका लागि नयाँ नेतृत्व समेत चयन गर्नेछ।

## अनुरोध

प्रत्येक १०/१० वर्षमा हुने राष्ट्रिय जनगणना, २०७८ यही कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म कास्की जिल्लामा सञ्चालन भइरहेको हुदाँ यस गणनामा तपाईको परिवारले प्रयोग गरेको सेवा सुविधा तथा परिवारका सदस्यहरुको व्यक्तिगत विवरण विस्तृत रुपमा संकलन गर्न यस कार्यालयबाट खटिई आउनु हुने गणक कर्मचारीलाई आफू बसोबास गरेको ठाउँबाट आ-आफ्नो परिवार र व्यक्तिको सत्य तथ्य विवरण उपलब्ध गराई सहयोग गर्नु हुन सबैमा कार्यालय हार्दिक अनुरोध गर्दछ। राष्ट्रिय जनगणना, २०७८ मा सोधिने प्रश्नावली कुनै कर प्रयोजनको लागि नभई तथ्याङ्कीय प्रयोजनका लागि मात्र हुने र प्रश्नावलीमा भरिएका विवरण तथ्याङ्क ऐन २०१५, बमोजिम गोप्य रहने ब्यहोरा अनुरोध छ।

'मेरो गणना मेरो सहभागिता' 'कोही नछुटौं कोही नदोहोरिऔं'

**गण्डकी प्रदेश जनगणना कार्यालय, पोखरा, कास्की**

## कास्कीका ७२ वडामा एकैदिन माओवादी केन्द्रको वडा अधिवेशन हुने

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर




नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र) कास्कीमा पार्टी सदस्यको संख्या १० हजार ३८३ पुगेको छ।

माओवादीले सदस्यता नविकरणको काम सकेर वडा र पालिका अधिवेशनको अन्तिम तयारीमा जुटेको छ। राष्ट्रिय सम्मेलनको तयारीमा जुटेको माओवादीले निर्धारित मितिभित्र पोखरा महानगरपालिका र चार गाउँपालिकामा गरी सो संख्यामा पार्टी सदस्यता नविकरण भएको पार्टी केन्द्रीय सदस्य एवं कास्की जिल्ला इन्चार्ज राजकाजी गुरुङ(करण)ले जानकारी दिनुभयो। उहाँका अनुसार यसअघि जिल्लामा माओवादीका ८ हजार २०० पार्टी सदस्य थिए। जिल्ला इन्चार्ज करणले पार्टीमा युवा, महिला र उत्पीडित समुदायको आकर्षण बढेको बताउनुभयो। उहाँले भन्नुभयो,"हाम्रो पार्टीमा पछिल्लो समय आकर्षण बढेको छ। महिला, दलित, युवा लगायतको पार्टी कमिटीमा प्रतिनिधित्वको ग्यारेन्टी विधानमा भएपछि माओवादी रोज्ने बढेका छन्।" माओवादी कास्कीले मंसिर ४ गते शनिबार जिल्लाका ७२ वटै वडामा एकैसाथ अधिवेशन गर्ने भएको छ।

पार्टी केन्द्रले तोकेको मितिमानै सबै वडाको अधिवेशन सम्पन्न गरिने र सम्पूर्ण तयारी पूरा भएको पार्टी केन्द्रीय प्रतिनिधि एवं पोखरा महानगर इन्चार्ज दीपक कोइरालाले बताउनुभयो। उहाँका अनुसार सबै वडामा सर्वसम्मत नेतृत्व चयन गरिनेछ। सर्वसहमति नभएकाको हकमा निर्वाचनका प्रक्रिया समेत अवलम्बन गर्न सकिने नेता कोइरालाले जानकारी दिनुभयो। नेता कोइरालाले पार्टीले लिएको विचार र कार्यक्रमका कारण फेरी माओवादीमाथि आकर्षण बढिरहेको बताउनुभयो। उहाँले भन्नुभयो,"अहिले पनि देशको समग्र राजनीति माओवादी केन्द्रकै एजेण्डको वरिपरि घुमेको छ। वडा, पालिका र राष्ट्रिय सम्मेलनपछि माओवादी देशको पहिलो शक्ति बन्ने गरी नयाँ उत्साहका साथ जनतामा जानेछ।" मंसिर ४ गतेको माओवादीको वडा सम्मेलनको देशभर एकैपटक विहान ११ बजे अध्यक्ष पुष्पकमल दाहाल( प्रचण्ड)ले भर्चुअल रुपमा गर्ने कार्यक्रम रहेको छ।



हार्दिक बधाई एवम् शुभकामना



श्री महेश्वर त्रिपाठी
श्री अप्सरा त्रिपाठी

पोखरा महानगरपालिका वडा नं. १३ हिमाली टोल विकास संस्थाका सल्लाहकार **श्री महेश्वर त्रिपाठी** ८४ वर्ष पूरा हुनु भएको उपलक्ष्यमा साथै उहाँको धर्मपत्नी **श्री अप्सरा त्रिपाठी** समेत सहभागी भई **चौरासी पूजा एवम् लक्ष्यदीप प्रज्ज्वलन** शुभकार्य मिति २०७८/०८/०३ गते सु-सम्पन्न हुने भएको हुनाले उहाँहरुको सुस्वास्थ्य र दिर्घायुको कामना सहित **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

क्या. तेजबहादुर गुरुङ
अध्यक्ष तथा
हिमाली टोल विकास सस्था परिवार
पोखरा-१३, कास्की

# स्याङ्जाको 'सिरुबारी होमस्टे' पुनः सञ्चालन

प्रकाश डोटेल
स्याङ्जा, २ मंसिर

नेपालकै नमुना पर्यटकीय गाउँ 'सिरुबारी होमस्टे' गएको हप्तादेखि पुनः सञ्चालनमा आएको छ ।

मुलुककै पहिलो होमस्टेका रुपमा प्रख्यात सिरुबारी कोरोना भाइरस संक्रमणको पहिलो र दोश्रो चरणसँगै बन्द रहेको होमस्टे पुनः सञ्चालनको लागि पर्यटनकर्मीहरु आ-आफ्ना तयारी पुरा गरी संचालनमा ल्याएका छन् । आँधीखोला गाउँपालिका १ पञ्चमूलस्थित शिरुबारी बाक्लो गुरुङ बस्ती छ । गाँउले तथा पहाडीया जीवन, कला, संस्कृति, गुम्वा, भ्यू टावर, म्यूजियम, धारु, बुद्धको मूर्ति लगायतका क्षेत्रका घुमिफिर तथा अवलोकन गर्ने स्थलहरु मनमोहकका लागि आक्रर्षक छन् । पाहुना आउने खबर पाएपछि होमस्टे सञ्चालकहरु गाँउ प्रबेशको मुख्य प्रवेशद्वारमा पञ्चेबाजासहित पाहुनाका स्वागत र सम्मान गर्छन् । पञ्चेबाजासँगै पाहुनालाई लिएर नाच्दै नचाउँदै सांस्कृतिक भवनमा पुर्‍याईन्छ । त्यसपछि खाजामा स्थानीय मकै, रोटी, चिया, चाना हुनेका लागि स्थानीय रक्सी, चिसो लगायतका



खाजा खुवाउने गरिन्छ । मौलिक ढंगका ढुंगाले बनाईएका चिटिक्क परेका घर, आँगन, बाटोघाटो, चिसो र सफा वातावरण र सफा मनका स्थानीयवासी मुख्य बिशेषता हुन् । पारिवारिक सदस्य झै व्यवहार गर्दे स्थानीयले आ-आफना घरघरमा पाहुना राख्नेगरी सुरुवात गरिएको होमस्टे गुरुङ जीवनशैली स्थानीय संस्कृतिका माध्यमबाट पर्यटकलाई न्यानो आतिथ्यता प्रदान गर्दछन भने स्थानीयस्तरमा उत्पादित खानापानमा जोड दिने गरेका छन् । २०५४ सालदेखि पर्यटन गाउँका अभियन्ता पूर्वसांसद स्व.क्याप्टेन रुद्रमान गुरुङको विशेष पहलमा होमस्टे सञ्चालनमा ल्याइएको हो । गाउँको विकास आफैबाट सुरुवात गर्नुपर्छ भन्ने मान्यता बोकेका गुरुङले स्याङ्जाको एक पिछडिएको स्थललाई साच्चीकै सुन्दर र दक्षिण एशियाकै नमुना पर्यटकीय गाउँ बनाउन सफल भएको सिरुबारी पर्यटन विकास समितिका संयोजक जुमबहादुर गुरुङ् बताउँछन् ।

'उनी पर्यटन व्यवसाय र होमस्टेका पिता हुन् ।' संयोजक गुरुङ् भन्नेछन, उहाँ अहिलेसम्म जिउँदो भएका भए यो गाउँको अझ धैरै विकास हुनेथियो ।" नेपालमा पहिलो होमस्टे सञ्चालन गर्ने स्याङ्जाको सिरुबारीलाई होमस्टेको उद्गम थलोको रुपमा देशभर परिचित रहेको उनले सुनाए । सिरुबारीका २३ घरहरु होमस्टेका लागि तयार छन् । प्रत्येक घरमा २ देखि ४ जनासम्म राख्न सकिने गरी भौतिक संरचना बनाइएको छ । पाहुना बसाईको जिम्मेवारी लगायतका अन्य ब्यवस्थापन समितिले नै गर्ने गरेको छ । विश्व लगायत नेपाललाई नै आतंकित पार्नेगरी फैलिएको कोरोनाका कारण ठप्प रहेको व्यवसाय केही चलायमान भएको छ । होमस्टे शुभारम्भ स्वरुप कांग्यूर पाठवाचन गरी होमस्टे सञ्चालनमा ल्याईएको होमस्टे सञ्चालिका उर्मिला गुरुङ् बताईन् । गुरुङ् भन्छिन् , "लोकप्रिय गायिका, बौद्ध भिक्षु आनी छोइङ डोल्मा लगायत डा. किरण गुरुङ् (खेम्पो) र सन्तोष गुरुङ् (खेम्पो) लगायतको उपस्थितिमा झण्डै ५० जना बौद्धधर्मगुरु र बाल लामाले पाठवाचन गरेका थिए ।" बौद्ध परम्परामा त्रिपिटक कांग्युर पाठ गर्नाले शान्ति, सुख र स्वास्थ्यलाभ हुने विश्वास गरिन्छ । कांग्यूर भनेको गौतम बुद्धले ८० बर्षसम्म दिएको उपदेशको संग्रहित ग्रन्थ हो । सिरुबारी जानका लागि पर्यटकीय नगरी पोखराबाट डेढ घण्टाको सवारी यात्रापछि स्याङ्जा पुतलीबजारको नागडाँडा र त्यसपछि झण्डै डेढ घण्टाको यात्रापछि सिरुबारी पुग्न सकिन्छ । सिरुबारीबाट उच्च हिमश्रंखला र सुर्योदयको नजिकबाट अवलोकन गर्न सकिन्छ ।

# यु-१९ छनौंट क्रिकेटमा स्याँग्जाको दोश्रो जित

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

पोखरा रंगशालामा जारी वाई वाई यु-१९ क्षेत्रिय छनौंट क्रिकेट प्रतियोगितामा स्याँग्जाले दोश्रो जित निकालेको छ । बिहीबार भएको खेलमा स्याँग्जाले नवलपुरमाथि ८ विकेटको जित निकालेको हो ।

खेलमा टस जितेर व्याटिङ्ग गरेको नवलपुरले २२ ओभर १ बलमा आफ्नों सम्पूर्ण विकेट गुमाएर मात्रै ५० रन बनाएको थियो । जितका लागि ५१ रन पछ्याएको स्याँग्जाले ७.४ ओभरमा २ विकेट गुमाउँदै लक्ष्य पार गरेको हो । स्याँग्जाको जितमा नायक सावित भएका सन्देश सुनारले ८ ओभर बलिङ्ग गर्दै १२ खर्चिएर महत्वपूर्ण ४ विकेट लिए । उनी खेलको म्यान



अफ द म्याच भएका थिए । त्यस्तै, विपिनराज न्यौपानेले ३, विष्णु पाण्डेले २ तथा सन्दिप खत्रीले १ विकेट लिए ।

नवलपुरको व्याटिङ्गमा गोविन्द विकले २३ रन बनाए भने अन्य व्याट्स्म्याले दोहोरो आँकडाको योगफल पनि तयार पार्न सकेनन् । ५१ रनको सामान्य लक्ष्य पछ्याउने क्रममा स्याँग्जाका ब्याट्स्म्यान सुजन गौतमले २०, सन्दिप खत्रीले १४ तथा करण पंगेनीले ११ रन जोडे । नवलपुरका बलर सुदिप अर्याल र स्विकार श्रेष्ठले १/१ विकेट लिए । स्याँग्जाले यसअघि तनहुँमाथि जित हाँसिल गरेको थियो ।

# वडा अधिवेशनको तयारीमा माओवादी केन्द्र

पोखरापत्र संवाददाता
बागलुङ, २ मंसिर

राष्ट्रिय सम्मेलनपूर्व तल्ला तहका कमिटीमा आन्तरिक निर्वाचनमार्फत नेतृत्व चुन्ने तयारीमा रहेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले यहाँका ८५ वटै वडामा शनिबार एकसाथ अधिवेशन गर्दैछ ।

अधिवेशनका लागि सङ्गठित सदस्यता वितरण, नवीकरण, निर्वाचन कमिटी निर्माणलगायत व्यवस्थापकीय तयारीका कामलाई तीव्रता दिइएको माओवादी केन्द्र, जिल्ला समन्वय समितिका संयोजक ज्ञामनाथ गैरे 'अनिल'ले जानकारी दिनुभयो ।

भरसक सबै वडामा सर्वसम्मत नेतृत्व चयन गरिने र सहमति नबन्ने स्थितिमा मात्र मतदानबाट कमिटी निर्वाचित हुने उहाँको भनाइ छ । 'टोल र सेल कमिटीको भेलाहरु यसअघि नै सम्पन्न भइसकेका छन्, अहिले वडा तहको अधिवेशनमा पार्टी केन्द्रित छ', उहाँले भन्नुभयो, 'सबै वडा र पालिकास्तरमा निर्वाचन कमिटी गठन भइसकेको छ ।' सर्वसम्मत नेतृत्व चयन हुँदा पनि निर्वाचनको सबै विधि र प्रक्रियालाई अवलम्बन गरिने संयोजक गैरेले बताउनुभयो ।

अधिवेशनबाट पाँच पदाधिकारीसहित २९ सदस्यीय नयाँ वडा कमिटी निर्वाचित हुनेछ । यसअघि नेकपा विभाजनपछिको अवस्थामा गत साउनमा वडा कमिटी पुनर्गठन भएका थिए । ती कमिटी अहिले अधिवेशन आयोजक कमिटीमा रुपान्तरण भएका छन् ।

संयोजक गैरेका अनुसार जिल्लामा पार्टीका सङ्गठित सदस्यको संख्या आठ हजार ७०२ पुगेको छ । पार्टीको साधारण सदस्यता पछि वितरण गरिने जनाइएको छ । वडासँगै स्थानीय तह, प्रदेश हुँदै राष्ट्रिय सम्मेलनको तयारीमा माओवादी केन्द्र जुटेको छ । स्थानीय तहमा यही मङ्सिर ११ गते र प्रदेशको अधिवेशन २५ गतेलाई तोकिएको छ । आउँदो पुस ११ देखि १२ गतेसम्म काठमाडौँमा राष्ट्रिय सम्मेलन हुँदैछ ।

# यस्तो हुनेछ एमाले अधिवेशन मञ्च

रासस
चितवन, २ मंसिर

नेकपा (एमाले) को आसन्न १०औँ महाधिवेशनको उद्घाटनका लागि मञ्च व्यवस्थापनको काम सुरुआत भएको छ । यसका लागि नारायणी नदी किनारमा धमाधम काम भइरहेको छ ।

एमाले केन्द्रीय सदस्य विनोद श्रेष्ठका अनुसार कार्यक्रम स्थलमा नक्शाङ्कन गरिएको छ । एक सय अतिथि रहने गरि आकर्षकमञ्च निर्माण गरिने जनाइएको छ । उहाँले भन्नुभयो, "१६ फिट अग्लो मञ्च निर्माण गर्दै छौं ।" निर्माण गर्न लागिएको मञ्च चार खण्डमा हुने छ । माथिल्लो तहमा अतिथि र स्थायी कमिटी सदस्य ,दोस्रो खण्डमा सांस्कृतिक कार्यक्रम, तेस्रो खण्ड केन्द्रीय सदस्य र चौथो खण्डमा पोडियम रहने उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार ७२ कलाकारले एकै पटक प्रस्तुति दिनसक्ने गरी मञ्च निर्माण गरिने छ । सो मञ्च ८ फिट अग्लो ,३० फिट लामो र ४० फिट फराकिलो हुनेछ । उहाँले भन्नुभयो, "नारायणी नदीको पुलबाट र गैंडाकोट तर्फको नदी किनारबाट समेत हेर्न मिल्ने गरी मञ्चको ढाँचा गरेका छौ ।" उद्घाटन सत्रमा कार्यक्रमस्थल सहित विभिन्न स्थानमा गरी २० ठाउँमा डिस्प्लेमार्फत प्रदर्शन गर्ने योजना रहेको जनाइएको छ । एमालेले १० औँ महाधिवेशनमा पाँच लाख जनता सहभागी गराउने पार्टीले जनाउँदै आएको छ । जनताको सहभागिता अनुसार सहजै उद्घाटन कार्यक्रम हेर्न सक्नेछन् । उहाँले भन्नुभयो, "बगरमाथि पनि भव्य मञ्च बनाउन सकिने सन्देश दिनेछौं ।" अहिले कार्यक्रमस्थलमा भएका खाल्डाखुल्डी पुर्ने र व्यवस्थापनको काम भइरहेको छ ।

मञ्च व्यवस्थापनका लागि ५०० स्वयमसेवक परिचालन गरिने छ । नदी किनारलाई आकर्षक बनाएर १० गते बिहान मूल आयोजक समितिलाई हस्तान्तरण गर्ने गरि काम भइरहेको उहाँले बताउनुभयो । आगामी दिनमा यो क्षेत्रमा ठूला कार्यक्रम गर्न मिल्ने गरी किनारलाई व्यवस्थित गरिने उहाँले जानकारी दिनुभयो ।

मञ्च व्यवस्थापनको क्रममा ठाउँ ठाउँमा सेल्फी प्वाइन्ट बनाइने छ । एमालेको महाधिवेशन यही मङ्सिर १० गते देखि १२ गतेसम्म यहाँ हुँदैछ । नारायणी नदी किनारमा उद्घाटन र सौराहामा बन्दसत्र कार्यक्रम छ । बन्द सत्रमा करिब दुई हजार प्रतिनिधि सहभागी हुँदैछन् ।

# राप्रपा एकता महाधिवेशन मंसिर १६ देखि १८ गतेसम्म काठमाडौँमा

पोखरापत्र संवाददाता
पोखरा, २ मंसिर

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले यही मङ्सिर १६ देखि १८ गतेसम्म काठमाडौँमा एकता महाधिवेशन गर्ने भएको छ ।

यही मङ्सिर ११ देखि १३ गतेसम्म हुने भनिएको उक्त अधिवेशन कार्यसूचीअनुसार कार्य सम्पन्न हुन नसकेपछि पार्टीको निर्वाचन समितिको बिहीबार बसेको बैठकले अधिवेशन केही दिन पर सारेको पार्टीका वरिष्ठ नेता राजाराम श्रेष्ठले जानकारी दिनुभयो ।

विसं २०७६ फागुन २८ मा तत्कालीन राप्रपासँग राप्रपा संयुक्तको एकता भएपछि पहिलो पटक हुन लागेको अधिवेशनमा राजनीतिक, आर्थिक, सामाजिक कार्यपत्र प्रस्तुत गरिनेछ भने अन्तरिम विधानलाई संशोधन गरी नयाँ कार्यसमितिको निर्वाचन गरिनेछ ।

अहिलेसम्म ७६ जिल्लामा अधिवेशन सम्पन्न भएको छ भने एकलाख ४१ हजार सक्रिय सदस्यको नामावली अभिलेख गरिएको छ । सक्रिय सदस्य थप हुनेक्रम जारी छ ।


## हाम्रो विशेष अनुरोध सहित सूचना



भद्रकाली मन्दिर

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति कुँडहर पोखरा-१२/१३ कास्कीको ९ औं अधिवेशन सहितको १८ औं साधारण सभा मिति २०७८ मंसिर ४ गते शनिबार बिहान १०:३० बजे माथी मन्दिर प्राङ्गणमै बोलाइएकोमा सबै सम्बन्धित आजिवन तथा साधारण सभासद सदस्यज्यूहरुलाई पत्र पठाई सकिएको छ, कथमकदाचित कुनै त्रुटी भई पत्र प्राप्त नभएमा क्षमा याचना माग्दै यसै सूचनालाई आधार मानी कालीको आँगनमा हुने उक्त कार्यक्रमा उपस्थित भै दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति**
**पोखरा-१२/१३, कुँडहर, कास्की**

## राष्ट्रिय जनगणना २०७८ मा सहभागी हुनुभयो ?

हुनुभएको छैन भने,

- नजिकको जनगणना कार्यालय, वडा कार्यालय वा गणकसँग सम्पर्क राख्नुहोला ।
- यदि मंसिर ८ गतेसम्म गणकहरु तपाईको घर परिवारमा आएनन् भने टोल फ्रि (निःशुल्क) नं. ११७८ मा सम्पर्क गर्नुहोला ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

## पायल्सका बिरामीको उपचार सेवा

२०७८ मंसिर ९ र १० गते

डा. हरि शरण अर्याल पायल्स-क्षारसुत्र विज्ञ

यस पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि मा
काठमाण्डौका विज्ञ डा. हरि शरण अर्याल (कन्सलटेन्ट फिजिसियन)
यहि मंसिर ९ र १० गते आउनुहुने भएकोले पायल्स, गुदद्वार सम्बन्धि समस्या भएका बिरामिहरुले सम्पर्क राखि स्वास्थ्य लाभ लिनुहोला ।

लक्षणहरु :
१. दिशागर्दा रगत आउने, दुख्ने, पोल्ने, चिलाउने ।
२. दिशागर्ने ठाँउमा मासु पलाएको ।
३. दिशा राम्रोसंग नखुल्ने ।
४. पायल्स, फिस्टुला, फिसर, पाइलोनिडल साइनस ।
५. भोक नलाग्ने, छाती पोल्ने, पेट फुल्ने, अमिलोपानी आउने ।

पेट सम्बन्धी रोगहरुः ग्याट्रिक, अल्सर, दिशा बढि लाग्ने, जण्डिस पत्थरी ।

क्षारसुत्र विधिबाट बिना अप्रेशन पायल्सको उत्कृष्ट उपचार सेवा ।

**पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि.**
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै फोन नं. ०६१-५३२२४२, ५३०४०७, ९८४६०६८८०६

फोनबाट पनि नाम दर्ता गराउन सकिन्छ ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

## सम्पादकीय

# गोलाप्रथामा जाने बाटो खुल्यो

सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र सम्शेर जवराको राजिनामा माग्दै शुरु भएको नेपाल वार एशोसिएसनको आन्दोलन जारी छ । सर्वोच्च अदालतमा प्रहरीको प्रवेश र दमनले वारलाई थप आन्दोलित बना(एको छासर्वोच्च अदालत भित्र भएको प्रहरी हस्तक्षेप नि(न्दनीय छ । लामो समयदेखि इजलास बहिष्कार गर्दै आएका न्यायाधीशहरू शर्त सहित इजलासमा फर्कने वातावरण बनेको छाफुलकोर्ट बैठक बसेर गोलाप्रथाद्वारा मुद्दाको पेसी तोक्नेसम्बन्धी नियमावली र निर्देशिका संशोधन गरेका न्य(ायाधीशहरू शुक्रबारबाटै इजलास फर्कने भएका छन् ।

यसअघि प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले तोकेको पेसीका मुद्दा सुनुवाइ नगर्ने अडानमा रहेका न्यायाधीशहरू नियमावली र निर्देशिका संशोधन राजपत्रमा प्रकाशित नभए पनि शुक्रबारबाट इजलास फर्कन तयार भएका छन । गोलाप्रथा सुरू भएपछि सबै मुद्दामा सुनुवाइ गर्ने निर्णय गरेका न्यायाधीशहरूले शुक्रबारबाटै बन्दीप्रत्यक्षीकरण, मुद्दा फिर्ता र मिलापत्र सम्बन्धी रिट र मुद्दाको भने सुनुवाइ गर्ने भएका छन् ।

'अब बन्दी, मिलापत्र र मुद्दा फिर्ताका विवादमा भने इजलास बसेर सुनुवाइ हुनेछ । अन्य मुद्दामा भने राजपत्रमा सूचना आएर फुलकोर्टले गोला लागु गरेको दिनबाट मात्र मुद्दा हेर्ने भएका छन । यी विवादमा कानुन व्यवसायीको उपस्थिति नभए पनि आदेश गर्न मिल्ने भएकाले न्याया(धीशहरू तीन प्रकारका विवाद हेर्न सहमत भएका छन । जनताको न्याय पाउने हक नखोसिने र वारलाई पनि सहयोग पुग्नेछ । यी मुद्दामा प्रधानन्यायाधीशसँग बेञ्च सेयरिङ हुने छैन भने प्रधानन्यायाधीशले राजपत्रमा सूचना प्रकाशनको प्रक्रियाअघि नबढाए पुनः यी विवादमा सुनुवाइ हुने छैन ।

इजलास फर्किएर मुद्दा सुनुवाइ थाल्ने बताए पनि नेपाल बार बहसमा नआउने भएकाले उनीहरूले प्रधानन्यायाधीशसँग बेन्च सेयरिङ गर्ने निर्णय लिन बाध्य भएका हुन । 'राज(पत्रको सूचनाअनुसार फुलकोर्टले गोलाबाट मुद्दा हेर्ने मिति तोकेपछि सबैखाले मुद्दा हेर्ने सहमति छ । प्रधानन्यायाधीश र बारबीच सहमति नभएसम्म जबरासँग इजलास सेयरिङ हुने छैन । प्रधानन्यायाधीशलाई राजिनामा गर्न थप दवाव पुग्नेछ । गोला लागु भएपछि कानुन व्यवायी बहसमा नआ(एपनि इजलास भने जाने विषयमा न्यायाधीशहरू एकमत छन् । तर, कानुन व्यवसायीबिना मुद्दा सुनुवाइअघि नबढ्ने भएकाले प्रधानन्यायाधीशले निकास नदिएसम्म सर्वोच्चमा नियमति सुनुवाइ भने प्रभावित हुनेछन् ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : मानसिक तनाब |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शारीरिक झमेला |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# कांग्रेस म्याग्दीको अधिवेशनमा मतदान

रासस
बेनी, २ मंसिर

नेपाली कांग्रेस म्याग्दीको सातौँ जिल्ला अधिवेशनअन्तर्गत सर्वसम्मत नभएका पदमा मतदान सुरु भएको छ ।

अधिवेशनमा सभापतिमा खमबहादुर गर्वुजा सर्वसम्मत भए पनि उपसभापति, सचिव, सहसचिव र महाधिवेशन प्रतिनिधिलगायतका पदमा सहमति नजुटेपछि मतदानमार्फत टुङ्गो लगाउन लागिएको हो । वर्तमान सभापति गर्वुजा र निर्वतमान सभापति रेशम बानियाँ, पूर्व सहसभापति नेत्रबहादुर महतले एकैसाथ मतदान गरेपछि अहिल्यै मतदान प्रक्रिया जिसस सभाहलमा चलिरहेको छ । निर्वाचन अधिकृत निरञ्जनलाल राजभण्डारीका अनुसार दुई जना निर्वाचित हुने उपसभापति पदमा कर्णबहादुर भण्डारी केबी, डमबहादुर पुन, हरिकुमार श्रेष्ठ, माधवप्रसाद रेग्मी, मीनबहादुर कार्की र कमल छन्त्याल प्रतिस्पर्धामा रहनुभएको छ ।

त्यसैगरी दुई जना निर्वाचित हुने सचिव पदमा भरत ढकाल, अजयमिलन श्रेष्ठ, दुर्गाराम सुवेदी र हिराबहादुर पुन प्रतिस्पर्धामा हुनुहुन्छ ।

# साहसिक खेलमा महिलाको बढ्दो आकर्षण

– जमुना वर्षा शर्मा
पोखरा, २ मंसिर (रासस)



नेपाली समाजमा महिला शारीरिक र मानसिकरूपमा कमजोर हुन्छन् भनेर चित्रित गर्ने गरेको पाइन्छ तर अवसर र पहुँच अनि इच्छाशक्ति भएका महिलाले भने शारीरिक र मानसिकरूपमै चुनौतीपूर्ण क्षेत्रबाट अघि बढेका थुप्रै उदाहरण भेटिन्छ । यसको उदाहरणका रूपमा साहसिक खेलप्रतिको महिलाको बढ्दो आकर्षणलाई पनि लिन सकिन्छ । त्यसो त पछिल्लो समय हिमाल आरोहणदेखि अन्य जोखिमपूर्ण गतिविधिमा समेत महिलाले सफलता हासिल गरिरहेका छन् भने चुनौतीपूर्ण मानिएका क्षेत्रमा पनि महिलाले आफूलाई स्थापित गर्दै गएको देखिन्छ ।

चर्चित गायिका मञ्जु पौडेलले हालै मात्र कुश्माको द क्लिफ बञ्जीमा पुगेर २२८ मिटर अग्लो टावरबाट हाम फाल्नुभयो । त्यस पल आफ्नो आत्मबलको परीक्षाको अनुभुति भइरहेको बताउँदै उहाँले भन्नुभयो, 'जीवनको एउटा सपना पूरा भयो, बाहिरबाट हेर्दा बञ्जी सामान्य नै लाग्छ तर हामफाल्नु अघि त्यो गहिराइको दृश्यले भने एकछिन मुटु नै हल्लाइदिने रहेछ ।' उहाँले त्यो परीक्षामा आफू उत्तीर्ण भएर थप आत्मविश्वास र बेग्लै ऊर्जा मिलेको बताउनुभयो । 'मैले जिपलाइनिङ, स्काइ साइक्लिङ त गरेको थिएँ तर बञ्जी मेरो पहिलो अनुभव हो । साहसिक खेलमा डर त हुन्छ नै, त्यसभित्रको आनन्द बेग्लै पाएँ', पौडेलले भन्नुभयो, 'यसले मलाई थप ऊर्जा दिएको छ, म शारीरिक र मानसिक दुवैरूपमा सक्षम छु भन्ने विश्वास जगाएको छ । म पुनः दोस्रोपल्ट बञ्जी गरेर फेरि थप आत्मविश्वास बटुल्ने छु ।'

विश्वकै दोस्रो अग्लो दावी गरिएको उक्त बञ्जीमा ६० प्रतिशत महिला बञ्जी गर्न आउने गरेको द क्लिफका प्रबन्ध निर्देशक ईश्वर कार्कीले बताउनुभयो । 'बञ्जी गर्न आउनेको तथ्याङ्क हेर्ने हो भने हामीकहाँ ६० प्रतिशत महिला हुनुहुन्छ, १८ वर्षदेखि ३५ वर्षसम्मका महिलाको रुचि बढी देखिएको छ ।' उहाँले महिलाहरुमा साहसिक खेलप्रतिको आकर्षण पछिल्लो समय झनै बढेर गएको बताउनुभयो । 'अहिले सामाजिक सञ्जाल, फेसबुक, इन्स्टाग्राम, टिकटकममा महिलाको क्रेज बढी देखिन्छ । यसमा पोष्ट हुने भिडियोले धेरै महिलाहरु बञ्जी गर्न आउने गर्नुभएको छ ।' उहाँले कम्पनीले सञ्चालनमा ल्याएको स्विङमा पनि महिला नै बढी हुने गरेको बताउनुभयो ।

पोखराको श्रीकृष्ण माविमा अध्यापन गराउने शिक्षक अनुजा सैँजुले पनि गएको हप्ता माछापुच्छ्रे गाउँपालिका-९ ल्वाङघलेलको कुदी छहरामा गएर क्यानोनिङ गर्नुभयो । साहसिक खेल क्यानोनिङ गरेपछि आफ्नो आत्मविश्वास जगाएको बताउँदै उहाँले भन्नुभयो, 'मैले अरुले गरेको धेरै चोटि देखेको थिएँ, त्यो देखेर मलाई पनि गर्न मन लाग्यो, डरसँगै आनन्द पनि हुने रहेछ ।' स्वस्थ शरीरसँगै मानसिकरूपमा तयार हुने जो कोहीले पनि क्यानोनिङ गर्न सक्ने र यसले मानसिकरूपमा स्फूर्ति जगाइदिने उहाँको अनुभव छ ।

क्यानोनिङ चट्टानको पहारामा डोरीको सहायताले 'वेट सुट' लगाएर पानीको छहरा छाँगाबाट चिप्लिँदै, हामफाल्दै झर्ने एक प्रकारको साहसिक खेल हो । क्यानोनिङका सञ्चालक पर्यटन व्यवसायी राम गुरुङले क्यानोनिङ गर्न आउने ८० प्रतिशत महिला हुने गरेको बताउनुभयो । उहाँका अनुसार क्यानोनिङ गर्दा ४५ मिटरदेखि ७५ मिटर अग्लो स्थानबाट पानीको छहरामा रमाउन सकिन्छ । सामाजिक सञ्जाल टिकटकलगायतबाट भएको प्रचार प्रसारले पनि अहिले देशका विभिन्न स्थानबाट आउने महिला साहसिक पर्यटकको संख्या बढ्दै गएको उहाँको भनाइ छ । 'पहिला पहिला पुरुषहरु नै हुन्थे, अहिले सामाजिक सञ्जाललगायतबाट प्रचार प्रसार भएसँगै महिलाहरुको संख्या बढिरहेको छ', गुरुङले भन्नुभयो । काठमाडौँबाट साथीहरुसँग घुम्न आएकी सोनु पौडेलले दोस्रोपटक प्याराग्लाइडिङको मज्जा लिएको बताउनुभयो । एक गैरसरकारी संस्थामा कार्यरत २३ वर्षीया पौडेलले कुश्मा पुगेर बञ्जी गर्ने सोच बनाउनुभएको छ । 'आकाशमा त उडेँ, अब बञ्जीबाट हामफाल्ने सोच बनाएको छु, हेरौँ कहिले हुन्छ ।' उहाँले सानैदेखि साहसिक खेलप्रति आफ्नो रुचि रहेको र अहिले उमेरसँगै ती इच्छालाई पूरा गर्न आफू मानसिक र शारीरिक दुवै रूपमा सक्षम रहेको बताउनुभयो । हवाई खेलकूद संस्था (ना) का सचिव एवं हिमाल स्काइ एडभेन्चर प्याराग्लाइडिङ कम्पनीकासञ्चालकमाधवतिवारीले प्याराग्लाइडिङ गर्ने महिलाको संख्या ५० प्रतिशत जस्तो नै रहेको बताउनुभयो । 'बाहिरबाट पोखरा आउने अधिकांश महिलाले प्यराग्लाइडिङ गर्ने गर्नुभएको छ । कतिले दुई/तीनचोटि समेत गर्नुभएको छ ।' उहाँका अनुसार खेलकूद संस्थाबाट प्याराग्लाइडिङ उडान अनुमति लिएका १२ महिला छन् ।

पोखरा-१७ रातो पैह्रोमा गो बञ्जी नेपाल एडभेन्चरर्स प्रालिका अध्यक्ष सन्तोष भट्टराई पनि साहसिक खेलमा महिलाको सहभागिता बढ्दै गएको बताउनुहुन्छ । 'महिलाको संख्या बढ्दै गएको छ, उनीहरुमा आत्मविश्वास र उत्साह पनि उस्तै देखिन्छ ।' भट्टराइले एकचोटि बञ्जी गरेर गएकाहरुको अनुभवका आधारमा अर्कोचोटि आफ्नो साथीहरु ल्याएर पुनः गर्ने गरेको बताउनुभयो । पोखरा-२५ हेम्जामा रहेको हाइग्राउण्ड एडभेन्चर्सका (बञ्जी पोखरा)का प्रबन्ध निर्देशक दिनेश महर्जनले ७२ मिटर अग्लो बञ्जी टावरबाट बञ्जी गर्ने महिला ५० देखि ६० प्रतिशत रहेको बताउनुभयो । उहाँका अनुसार कम्पनीले जिपलाइन पनि सञ्चालन गरेको छ । जीपलाइन गर्ने महिलाको संख्या पनि निकै राम्रो छ ।

साहसिक खेलप्रेमी एवं साहसिक पर्यटन अभियानकर्मी विष्णुकान्त घिमिरेले पछिल्लो समय महिला 'सेलिब्रेट'को क्रेज पनि साहसिक गतिविधिमा बढ्दै गएको बताउनुहुन्छ । उहाँका अनुसार पछिल्लो समय नेपाली चलचित्रका नायिका, गायिका र टिकटक स्टार महिलाको रोजाइमा पनि साहसिक गतिविधि प्राथमिकतामा पर्ने गरेको छ । यसले साहसिक खेल पर्यटनलाई प्रवर्द्धन गर्दै लैजाने उहाँ बताउनुहुन्छ ।

बञ्जी, जिपलाइन र प्याराग्लाडिङ गर्ने गरेका कतिपय सेलिब्रेटी महिलाले पोष्ट गरेका भिडियोहरु पनि सामाजिक सञ्जालमा भाइरल हुने र अरुलाई रहर जगाइदिने गरेको उहाँको भनाइ छ । 'साहसिक खेलका लागि मानसिक र शारीरिकरूपमा तयार भएपछि जो कोहीले पनि खेल्न सक्ने र महिलामा झन् त्यो प्रकारको ऊर्जा उच्च देखिने गरेको छ', घिमिरेले भन्नुभयो । पोखरा र आसपासका जिल्लामा प्याराग्लाइडिङ, जिप फ्लायर, टावरसहितको बञ्जी जम्प, अल्ट्रालाइट, क्यानोनिङ, हटएयर बेलुन, स्काइ डाइभसँगै पर्यटकले रमाइलोका लागि गर्ने साइक्लिङ, बोटिङ्ग, घोडसवारी, सेती नदीमा गरिने जलयात्रा (र्‍याफ्टिङ) तथा कायाकिङ गर्न पाइन्छ ।

# सिँचाइ नहर छैन, उपभोक्ता हैरान

–तारानाथ आचार्य
बागलुङ, २ मंसिर

जैमिनी नगरपालिका-१ को टिमुरखोला सिँचाइ आयोजना कहिले सम्पन्न हुन्छ भन्ने उपभोक्ता समितिका अध्यक्षलाई थाहा छैन । बरु उहाँ बजेटका लागि खोजीमा धाउँदा हैरान भइसक्नुभयो ।

विसं २०६० देखि साना-साना बजेटले काम गर्नुपर्दा यो आयोजना अन्योलमा परेको हो । सिँचाइ अभावमा ५१ हेक्टर क्षेत्रफलको खेतीपातीमा समस्या परेको छ । योजना स्वीकृत भएको सुरुआती वर्षमा चार/पाँच लाखका दरले रकम पनि विनियोजन भयो । रु एक करोड २५ लाख लागत स्टिमेट गरिएको टिमुरोला कुश्मीसेरा सिँचाइ आयोजना अझै बनिसकेको छैन ।

झण्डै तीन किमी लामो नहरबाट यहाँको टार र छ सय भन्ने स्थानमा सिँचाइ गर्ने योजना बनेको थियो । उक्त योजनानुसार काम सुरु भएपछि लामो समय बजेट नआएर उपभोक्ता हैरान भएका छन् । "अठार वर्ष भयो, कामको ५० प्रतिशत पनि सकिएको छैन", उपभोक्ता समितिका अध्यक्ष मोतीप्रसाद पौडेलले भन्नुभयो, "कहिले सकिएला र सहज सिँचाइ गर्न पाइएला ।" सिँचाइ अभावमा किसानले कतिपय खेतबारी बाँझै राख्नुपरेको गुनासोसमेत गर्नुभयो । यो योजना बनेमा ५१ हेक्टरमा थप १५ हेक्टर पनि सिँचाइ गर्न सकिने उहाँले बताउनुभयो ।

यो आयोजनास्थलमा किसानले वर्षात्मा धान लगाउँछन् भने हिउँदमा मुलाको बीउ तथा तरकारी खेती गर्छन् । तर पर्याप्त सिँचाइ नभएर उत्पादन लिन नसकेको उपभोक्ता उमाकान्त शर्माले बताउनुभयो । केही स्थानमा किसानले आफ्नै खर्चमा खोलाको पानी पम्प गरेर तान्छन् । तर दिगो नभएको उहाँले बताउनुभयो । "वर्षमा पाँच/दश लाख आएर यति लामो नहर कसरी बन्ला ?", शर्माले भन्नुभयो, "धेरै वर्ष बजेटै पाइएन, प्रदेश सरकारले पठाएको रकमबाट काम गर्दैछौँ ।" गण्डकी प्रदेश सरकारले दुई वर्षअघि रु २५ लाख, गत वर्ष रु ३५ लाख र चालु वर्ष रु १५ लाखमात्रै विनियोजन गरेकाले काम अगाडि बढ्न नसकेको हो । "चालु वर्ष कम्तीमा रु ५० लाख आएको भए कामले गति लिन्थ्यो", पौडेलले भन्नुभयो, "तर यो वर्ष पहिरो पन्छाउन पनि नसकिने भयो ।" वर्षात्मा खसेको पहिराले यहाँ ठूलो क्षति पुगेपछि पानी लगाउनै नपाएको उहाँले बताउनुभयो । बागलुङ नगरपालिका-१४ को कैया सिँचाइ आयोजनामा पनि निर्माणाधीन अवस्थामा कालीगण्डकी करिडोर खन्दा कुलो बगायो । कैयाको झण्डै ३०० रोपनी जमिनमा पानी लगाउने कुलो बग्दा किसानले हैरानी खेपे । दुई वर्षसम्म खेत रोप्नै नपाएका किसानले गत वर्षदेखि पाइप लगाएर पानी तानेका छन् । तर करिडोरबाट अझै पनि पहिरो खसेर पटक-पटक कुलो बगाउँदा सिँचाइमा समस्या भएको किसानको भनाइ छ । उनीहरूले खानेपानी तथा सिँचाइमन्त्री, सचिवलगायतलाई कुलो मर्मत गरेर नियमित पानी चलाउने बनाउन सहयोग गरिदिन आग्रह गरेको वडाध्यक्ष चक्रबहादुर खत्रीले बताउनुभयो । "किसान मारमा छन्, मन्त्रालयले हेरिदिनुपर्छ", उहाँले भन्नुभयो, "धेरै लामो कुलो छ, उपभोक्ताले सामान्य मर्मत गरिरहन्छन्, तर करिडोरकै कारण क्षति पुगेको स्थानमा भने लाखौँ लगानी चाहिन्छ ।" झण्डै रु ५० लाख नभए कुलो नियमित गर्न नसकिने उहाँले बताउनुभयो ।

जैमिनी नगरपालिकाको रितीपफेदी राउदी सिँचाइ आयोजना र बागलुङ नगरपालिकाको नारायणस्थान लिफ्ट सिँचाइ आयोजना त भौगोलिकरूपमा असम्भव भएपछि कामै थालिएको छैन । सङ्घीय सरकारको अनुदानमा निर्माण गर्न लागिएका १६ योजनामध्ये छवटा योजना असम्भव देखिएकाले गत वर्ष कामै थाल्न नपाएको डिभिजन सिँचाइ आयोजना कार्यालयका इञ्जीनिर शङ्कर बुढाथोकीको भनाइ छ । गत आवका लागि नारायणस्थान लिफ्ट सिँचाइ आयोजनाका लागि रु ५० लाख र रितीपफेदी राउदी सिँचाइ आयोजनाका लागि रु ४० लाख बजेट थियो । तर काम गर्न नसकेपछि उक्त बजेट भने फिर्ता भएको थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव रामकुमार श्रेष्ठले सानो बजेटले काम रोकिएका स्थानमा वर्षको अन्तिमसम्म पनि थप सम्बोधन गरेर काम सक्ने लक्ष्य राखेको बताउनुभयो ।

# किसानलाई अनुदानमा आलुको बीउ

रासस
तनहुँ, २ मंसिर

व्यास नगरपालिकाले किसानलाई ५० प्रतिशत अनुदानमा उन्नत आलुको बीउ वितरण गर्ने भएको छ ।

विभिन्न कृषक समूह, सहकारी, सामूहिक खेती र व्यक्तिलाई समेत गरी नगरपालिकाले जनकदेव र एमएस उन्नत जातका करिब ३३ टन आलुको बीउ वितरण गर्न लागेको हो । तीमध्ये यहाँका किसानले गतवर्ष उत्पादन गरी चितवनको कोल्डस्टोरमा भण्डारण गरी राखिएको करिब १७ टन आलुको बीउ तनहुँ ल्याएर वितरण गर्न लागिएको व्यासनगरपालिका कृषि शाखाका कृषिप्रसार अधिकृत कुशल नहर्कीले जानकारी दिनुभयो । "चितवनको कोल्डस्टोरबाट आलुको बीउ ल्याएर किसानलाई वितरण गर्ने योजना बनाएको हौँ", उहाँले भन्नुभयो, "अपुग करिब १६ टन आलुको बीउ त्रिवेणीबाट खरिद गरेर वितरण गर्ने योजना छ ।"

नगरपालिकाले चितवनको कोल्डस्टोरमा लैजानका लागि प्रतिबोरा रु ३५० गरी ६२९ बोराका लागि कूल रु दुई लाख २० हजार एक सय ५० ढुवानी खर्च गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "किसानलाई जनकदेव रातो र एमएस निलो उन्नत जातका आलुको बीउ वितरण गरिनेछ ।"

व्यासनगरपालिका मातहत रहेका चौध वटै वडाका किसानको माग अनुरुप वडा कार्यालयबाट सिफारिस भएर आएका किसानलाई आलुको बीउ वितरण गरिने उहाँले बताउनुभयो । गतवर्ष प्रथम श्रेणीको वितरण गरिएकोमा आउँदो वर्ष स्थानीय जातको आलुको बीउ उत्पादन गर्ने लक्ष्य राखिएको सो शाखाले जनाएको छ ।

# नेपालको कतारमाथि सानदार जीत

रासस
काठमाडौं, २ मंसिर

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले कतारविरुद्धको तीन खेलको टी-ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजमा सानदार जीत हासिल गरेको छ । कतारको दोहास्थित वेस्ट इन्ड पार्क स्टेडियममा आज भएको तेस्रो तथा अन्तिम टी-ट्वान्टी खेलमा कतारलाई १०९ रनले हराउँदै नेपालले सिरिज ३-० ले आफ्नो पक्षमा बनाएको हो ।

नेपालले आफ्नो पहिलो टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिजमै क्लिन स्विप गर्दै ऐतिहासिक सफलता हात पारेको हो । यसअघि नेपालले पहिलो खेलमा कतारलाई ११९ र दोस्रो खेलमा ६१ रनले पराजित गरेको थियो । जीतका लागि १६५ रनको विजयी लक्ष्य पछ्याएको घरेलु टोली कतार निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ५५ रनमा समेटियो । कतारकी शीर्ष क्रमकी ब्याट्सवुमन एलिना खानले ३३ बलमा तीन चौकासहित सर्वाधिक १९ रन बनाइन् ।

त्यस्तै कप्तान आयशा १४ बलमा एक चौका र एक छक्कासहित १३ रनमा क्याच आउट भइन् भने अन्य खेलाडीले दोहारो अङ्कमा रन बनाउन सकेनन् । नेपालका लागि कप्तान रुबिना क्षेत्री, सरस्वती कुमारी चौधरी र सवनम राईले समान १/१ विकेट हात पारे । त्यसअघि पहिलो ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर १६४ रन बनाएको थियो ।

# पर्वत अस्पतालमा नयाँ अक्सिजन प्लान्ट र कम्प्रेसर जोडिँदै

**पोखरापत्र संवाददाता**
**पर्वत, २ मंसिर**

जिल्लाका क्रियाशील आठवटा लायन्स क्लब र नेपाल मेडिकल एशोसिएशनको सहयोगमा पर्वत अस्पतालमा अक्सिजन प्लान्टबाट सिलिण्डरमा भर्ने रिफिल मसिन जोड्न लागिएको छ । सिलिण्डरमा अक्सिजन भर्नका लागि आवश्यक कम्प्रेसरको अभावमा सिलिण्डर पोखरा पठाउनुपर्ने बाध्यता अब अन्त्य हुने भएको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा ढुण्डिराज पौडेलका अनुसार उपकरण जडान गरिए पनि काम कहिले सकिन्छ भन्ने यकिन छैन । उपकरण सञ्चालनका लागि २२० भोल्टमाथिको विद्युत् आपूर्ति आवश्यक पर्ने र यसका लागि छुट्टै ट्रान्सफर्मर चाहिने भएकाले त्यसको व्यवस्था नभएसम्म अहिले कम्प्रेसरबाट अक्सिजन भर्न सकिने अवस्था रहँदैन ।

एशोसिएशनको सहयोगमा प्लान्ट र लायन्सको सहयोगमा कम्प्रेसर आए पनि त्यसको जडान र सञ्चालनका लागि आवश्यकपर्ने विद्युतका लागि बजेट व्यवस्थापनको काम अस्पतालले नै गर्नुपर्ने भएको छ । त्यसका लागि झन्डै रु १२ लाख भन्दा बढी लाग्ने अनुमान गरिएको छ । अस्पतालमा भर्ना भएका बिरामीका लागि अक्सिजन आवश्यक परेमा अहिलेसम्म पोखराबाटै भरेर ल्याइएका सिलिण्डर प्रयोग हुँदै आएको छ । त्यसबाहेक अस्पतालमा प्रदेश सरकारको बजेटमा जडान गरिएको अक्सिजन प्लान्टबाट उत्पादन हुने अक्सिजनलाई शयुयासम्म पाइप लाइन जडान गरेर बिरामीलाई अक्सिजन दिने गरिएको थियो । डा पौडेलका अनुसार जडान गर्न लागिएको प्लान्टबाट एक दिनमा ३५ सिलिण्डर अक्सिजन उत्पादन हुने भनिएको छ तर कम्प्रेसरले एक दिनमा कति सिलिण्डर ग्यास भर्न सक्छ भन्ने कुरा जडानको काम सकेपछि इन्जिनियरले गर्ने प्राविधिक जाँचपछि मात्रै एकिन हुनेछ । उक्त प्लान्टलाई अस्पतालको नयाँ भवनमा जडान गर्न लागिएको छ । पन्ध्र शय्या क्षमतामा रहेको अस्पताल ५० शय्या क्षमतामा स्तरोन्नति गर्नका लागि बनेका भवनको काम करिब अन्तिम चरणमा पुगेसँगै अस्पतालको सेवा पनि नयाँ भवनबाट सुरु हुने भएको छ । झन्डै रु ७५ लाखको लगानीमा नयाँ अक्सिजन प्लान्ट आएकामा कम्प्रेसरका लागि लायन्स क्लबले रु ३५ लाख लगानी गरेको थियो ।अस्पतालमा यस अगाडि नै जडान गरिएको अक्सिजन प्लान्ट अहिले बिग्रिएकाले शय्यामा लगिएका पाइपलाईनमार्फत अक्सिजनको आपूर्ति हुनसकिरहेको छैन ।

बिरामीलाई अक्सिजन आवश्यक भए सिलिण्डरमा भरेर ल्याएको अक्सिजन प्रयोग गर्नुपर्ने अवस्था छ । मेडिकल सुपरिटेन्डेन्ट डा. पौडेलका अनुसार अस्पतालमा जोडिएका प्लान्टमा प्राविधिक समस्या आएमा त्यसको समाधान गर्ने प्राविधिक जनशक्ति नपाउदा समस्या हुने गरेको छ । प्रदेशको बजेटमा जडान गरेको अक्सिजन प्लान्टबाट अक्सिजन उत्पादन नभएपछि त्यसको समाधानको लागि सप्लायर्स कम्पनीसँग कुराकानी भए पनि सप्लायर्सले पनि त्यसको समाधान गर्ने जनशक्ति भारतबाट ल्याउनुपर्ने बताएका कारण मर्मत यत्तिकै रोकिएको छ ।

अहिले जडान गर्न लागिएको प्लान्ट र कम्प्रेसर जडानको काम पोखरा र काठमाडौंबाट आएका प्राविधिकले गर्न लागिरहेका छन् । त्यसमा पनि समस्या आए मर्मतकै समस्या हुने उहाँले बताउनुभयो ।

# बगैँचा टोल विकासद्वारा बाटेका धुप बनाउने तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २ मंसिर**

पोखरा महानगरपालिका वडा नं ६ बैदाममा अवस्थित बगैँचा टोल विकास संस्थाले सदस्यहरूका लागि दुई दिने बाटेको धुप बनाउने तालिम प्रदान गरेको छ ।

मंसिर १ र २ गते गरी सञ्चालन भएको तालिममा करिब ५० जना प्रशिक्षार्थीहरु को सहभागिता रहेको थियो । उनीहरुलाई प्रशिक्षक सविना रानामगरले बाटेको धुप बनाउन सिकाएकी थिइन् । प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं ६ का वडा सदस्य तथा कार्यवाहक वडा अध्यक्ष हरिकृष्ण पहारीले कार्यक्रमको उदघाटन गर्दै, नेपाल सरकारले प्रयोगात्मक शिक्षालाई शहर बजार हुदै गाउँ गाउँमा रहेका नागरिकहरुलाई प्रदान गरेमा नेपालमा गरिबको संख्या घटाउन सकिने बताएका छन् । तालिम र व्यवहारिक ज्ञानले मानिसलाई रोजगारीका अवसर प्रदान गर्ने हुदा आत्मनिर्भर




बन्नका लागि तालिमको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे । उनले तालिममा सहभागि प्रशिक्षार्थीहरुलाई सीप सिकेर आय आर्जनका कार्यमा लाग्दै स्वरोजगार बन्न आग्रह गरे । कार्यक्रममा पोखरा महानगर पालिका वडा न ६ का वडा सचिव कुलराज पौडेलले आफ्नै गाँउघरका मौलिक बस्तुहरुलाई हाम्रा पूर्खाहरुले बिभिन्न किसिमका उपभोग्य बस्तुहरु बनाउने गरेर आर्य आर्जनको माध्यम बनाइ बजारमा बिक्री वितरण गर्ने गरेको सुनाए । अहिलेको बर्तमान अवस्थामा हामीहरुले कस्मेटिक बस्तुहरुलाई बढी महत्व दिदा पूर्खाहरुले सिकाएको सिप लोप हुदै गएकोमा दुःख ब्यक्त गरे । उनले पूर्खाहरुले सिकाएको सिपलाई ब्यवहारमा लागु गर्ने सके मात्र कुनै पनि नेपाली नगारिक बिदेशमा गएर पसिना बगाउन नपर्नेमा जोड दिए ।

अध्यक्ष मिना ढकालले संस्थाले 'हातहातमा काम बगैँचा टोलविकासको अभियान' भन्ने उद्देश्यलाई आत्मसात गर्दै आफ्ना सदस्यहरुलाई आर्थिक स्तरमा आत्म निर्भर बनाउने भावनाले तालिमको आयोजना गरिएको बताएकी छन् ।

संस्थाका अध्यक्ष मिना ढकालको सभाअध्यक्षमा भएको कार्यक्रममा तालबाराही आरतिका अध्यक्ष गिरीराज अधिकारी, सल्लाहकार प्रेमनारायण अधिकारी, उपाध्यक्ष उर्मिला ढकाल र सचिव रेणु थापा लामिछाने लगायतले तालिमबाट सिकेका सिपहरुलाई आयआर्जनमा लगाउनुपर्नेमा जोड दिए । तालिममा सहभागिहरुले तालिममा सिकेको ज्ञान सीपलाई आम्दानी हुने क्रियाकलापमा लगाउने प्रतिवद्धता व्यक्त गरेका थिए । संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत टोलमा सरसफाइ, स्वास्थ्य सचेतना कार्यक्रम, स्वास्थ्य शिविर लगायतका कार्यक्रम गर्दै आएको छ ।

# कर्मचारीको ढिलासुस्तीले सेवाग्राही मर्कामा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २ मंसिर**

२०७८ वैशाख ९ गते निवेदन दिएका मङ्गला गाउँपालिका–२ बाबियाचौरका नवीन खड्काले साउन १२ गते नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि पाउनुभयो ।

"आवश्यक सबै कागजात र प्रक्रिया पुऱ्याएर निवेदन दिएको थिएँ", उहाँले भन्नुभयो, "विद्युतीय र कागजी अभिलेखमा जन्ममिति नभएको कारण देखाएर प्रतिलिपि दिन चार महिना कुराए ।" पाँच पटकसम्म प्रशासन धाएका खड्काले कर्मचारीले हुन्छ–हुन्छ भनेर झुलाएको गुनासो गर्नुभयो । गत शुक्रबारनिवेदनदिएकीधवलागिरि गाउँपालिका–७ शिवाङकी ग्यालेक्सी पुन र उनकी बहिनीले मङ्गलबार मात्र नागरिकता पाउनुभयो । ग्यालेक्सीका बुवा राजुले आवश्यक सबै कागजात र प्रमाण जुटाएर आउँदासमेत कर्मचारीले विभिन्न बहानामा ढिलासुस्ती गरेका गुनासो गर्नुभयो ।

"सबै कागजात बुझाउँदा पनि दिन्छौं, दिन्छौं भनेर झुलाइरहे", उहाँले भन्नुभयो, "अन्तिममा भनसुन गरेपछि मात्र नागरिकता दिए ।" जिल्ला प्रशासन कार्यालय म्याग्दीका कर्मचारीको ढिलासुस्तीले सास्ती व्यहोर्ने सेवाग्राही खड्का र पुन मात्र होइनन् । नागरिकता बनाउनका लागि चार/पाँच दिन कुर्नुपर्ने भएपछि सेवाग्राही मर्कामा परेका छन् । सेवाग्राहीको बढ्दो चाप, भएका दरबन्दीअनुसारका पनि जनशक्तिको अभाव र पर्याप्त पूर्वाधार व्यवस्थापन नहुँदा जिल्ला प्रशासन कार्यालय म्याग्दीको सेवा प्रभावित भएको छ । नागरिकता, राहदानी, संस्था दर्ता, नवीकरणलगायत प्रशासनिक कामका लागि आउने सेवाग्राहीले समयमा सेवा नपाउँदा मर्कामा परेका हुन् ।

यसअघि एकै घण्टामा पाइने नागरिकता बनाउन सबै प्रक्रिया पूरा गर्दा समेत कर्मचारीले विभिन्न बहानामा चार–पाँच दिन अल्झाइदिनेरपहुँचवालाव्यक्तिको सहयोग लिनुपरेको धवलागिरि गाउँपालिका–३ की सिर्जना बुढाले गुनासो गर्नुभयो । ढिलासुस्तीका कारण प्रशासनमा सेवाग्राहीको भीड लाग्न थालेको छ । नागरिकता र प्रतिलिपि बनाउन आएका सेवाग्राहीले सबैभन्दा धेरै सास्ती व्यहोर्नुपरेको छ । ढिला काम गर्ने कर्मचारीले अल्झाइदिँदा दुर्गम ग्रामीण क्षेत्रबाट आएका नागरिक हजारौँ खर्च गरेर होटलमा बास बस्न बाध्य हुनुपरेको मङ्गला गाउँपालिका–५ का ताराबहादुर क्षेत्रीले गुनासो गर्नुभयो । छोरीको नागरिकता बनाउने क्रममा चार दिन बेनीमा बास बस्नुपरेको क्षेत्रीले बताउनुभयो । दैनिक ५०/५० वटाको हाराहारीमा नागरिकता र राहदानी वितरण हुन्छ । प्रशासनको नागरिकता शाखाका तीन कर्मचारीमध्ये हाल एक जना मात्र छन् । एकवटा मात्र कम्प्युटर र सर्भरको समस्याले कागजातलाई विद्युतीय माध्यमबाट प्रविष्ट गराउन धेरै समय लाग्ने गरेको सहायक प्रमुख जिल्ला अधिकारी सुभाष शर्मा पौडेलले बताउनुभयो । सेवाग्राहीको भीड व्यवस्थापनका लागि टोकन प्रणाली सुरु गरेको जिल्ला प्रशासन कार्यालय म्याग्दीले दरबन्दीअनुसारका दक्ष जनशक्ति, गुणस्तरीय इन्टरनेट र कम्प्युटर थप गरेर सेवा प्रवाहलाई सहज बनाउन पहल गरेको पौडेलले बताउनुभयो ।

# बडिगाडमा परम्परागत न्वागी मेला

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ मंसिर**

बडिगाड गाउँपालिका–५ ग्वालीचौरमा यही मङ्सिर ५ देखि ८ गतेसम्म परम्परागत न्वागी मेला लाग्दैछ । कर्णाली राज्य टुक्रिएर १५औं शताब्दीतिर इस्मा राज्यअन्तर्गत परेपछि त्यस क्षेत्रमा न्वागी खाने प्रचलन सुरु भएको कथन छ ।

सोही परम्पराको झल्को दिने गरी वर्षेनी त्यहाँ न्वागी मेलाको आयोजना गरिँदै आएको छ । गत वर्ष कोभिड–१९ का कारण रोकिएको मेलालाई यसपालिदेखि निरन्तरता दिइएको पौँदी न्वागी मेला तथा संस्कृति संरक्षण समितिका सचिव विष्णुप्रसाद आचार्यले बताउनुभयो ।

बागलुङ र गुल्मीको सीमामा पर्ने पौँदी क्षेत्रका बासिन्दाले न्वागीलाई पर्वकै रूपमा लिन्छन् । पहिले–पहिले त्यस क्षेत्रकै ठूला मेलाका रूपमा पौँदीको न्वागी मेलालाई लिइन्थ्यो । पछिल्लो समय न्वागी मेलाको स्वरुप फेरिँदै आए पनि स्थानीयवासी अझै पनि मौलिकता जोगाउन लागिपरेका छन् । धानबाली भित्र्याएपछि मनाइने त्यस पर्वमा चामलमा दही, केरा, सिलाम र चिनी मिसाएर न्वागी बनाई खाने चलन छ । यस वर्ष आउँदो आइतबारलाई न्वागी खानका लागि शुभमूर्हत परेको सचिव आचार्यले बताउनुभयो । न्वागीको शुभसाइत ज्योतिषले निकाल्ने गर्छन् । सोही दिनदेखि मेला पनि सुरु हुन्छ । स्थानीयवासीका अनुसार तत्कालीन इस्मा राज्यका राजाले सय मुरी धान फल्ने खेतको गुठी बनाएका थिए । छवृगुठीका रूपमा रहेको उक्त खेतमा उब्जाउ भएको धानलाई भित्र्याएपछि पहिलो परिकारस्वरुप न्वागी बनाएर खाने प्रचलनको सुरुआत भएको मानिन्छ । पछि सबै गाउँलेले धानबाली स्याहरेपछि न्वागी खाने संस्कार बसालेका हुन् । पौँदी क्षेत्रमा अहिले पनि न्वागी खाने परम्परा कायमै छ । आफन्त, इष्टमित्रलाई समेत निम्ता गरेर न्वागी खुवाउने चलन रहेको सचिव आचार्यको भनाइ छ । न्वागी मेलाले त्यस क्षेत्रको कला, संस्कृति, खेल र व्यापारको प्रवर्द्धन तथा उत्थानमा टेवा पुग्ने विश्वास लिइएको छ । मेलामा कृषि प्रदर्शनीसहित प्रतियोगितात्मक खेलकुद तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको छ । सो अवसरमा गाउँपालिका कप खुला पुरुष तथा महिला भलिबल प्रतियोगिता पनि राखिएको छ ।

पुरुषतर्फ पहिलो हुनेले रु एक लाख पाँच हजार ५५५ र दोस्रो हुनेले रु ६६ हजार ६६६ पुरस्कार पाउने प्रतियोगिताका संयोजक राजन पाइजाले जानकारी दिनुभयो । यस्तै महिला भलिबलमा पहिलोलाई रु ४४ हजार ४४४ र दोस्रोलाई रु ३३ हजार ३३३ पुरस्कारको प्रबन्ध गरिएको छ । मेलामा एकल तथा समूहगत नृत्य प्रतियोगितासहित कलाकारहरूको साङ्गीतिक प्रस्तुति पनि रहने आयोजकले जनाएको छ ।


# तुवाँलोले पारदर्शितामा कमी आएपछि यातायातमा सतर्कता अपनाउन आग्रह

**रासस**
**काठमाडौं, २ मंसिर**

अरब सागरमा बनेको निम्न चापीय क्षेत्रको आंशिक प्रभावका कारण मुलुकका अधिकाशं भूभागमा मौसम बदली भई चिसो बढ्ने क्रममा रहेको छ ।

सो प्रणालीको प्रभावले बाग्मती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्कादेखि मध्यम र बाँकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका एक दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले बुलेटिनमार्फत देशका अधिकाशं भूभागमा मौसम बदली भई चिसो बढ्ने क्रममा रहेको र तुवाँलोका कारणले पारदर्शितामा समेत कमी आउनसक्ने भएकाले सडक तथा हवाई यातायात क्षेत्रमा समेत आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

यसैगरी महाशाखाले बुलेटिनमार्फत मुलुकका केही भूभाग आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको आगामी तीन दिनसम्मको मौसमी विवरण प्रक्षेपण गरेको छ ।



# चितवनमा दुई हजार ५०० हेक्टरको धानबालीमा क्षति

**रासस**
**काठमाडौं, २ मंसिर**

एक महिनाअघि परेको अविरल वर्षाका कारण जिल्लामा दुई हजार ५९१ दशमलव १८ हेक्टर क्षेत्रफलमा लगाइएको धानबाली पूर्णरूपमा क्षति भएको छ । पूर्वी चितवन र माडीमा बढी क्षति भएको कृषि ज्ञानकेन्द्र भरतपुरले जनाएको छ ।

कार्यालयका अनुसार खैरहनीमा ७२८.०६ हेक्टर, रत्ननगरमा ७०१.३३ हेक्टर, भरतपुर महानगरमा ४१६.६६ हेक्टर, राप्तीमा ३०६.५० हेक्टरमा लगाइएको धानबालीमा क्षति पुगेको छ । यस्तै माडीमा २५० हेक्टर, कालिकामा १४८.६३ हेक्टर र इच्छाकामना गाउँपालिकामा ४० हेक्टरमा लगाइएको धानबालीमा क्षति पुगेको छ । चितवनमा २७ हजार २८१ हेक्टरमा धानखेती हुँदै आएको छ । गत असोज २९ देखि लगातार चार दिनको झरीले पाकेको धान खेतमै डुबानमा परेको थियो । कार्यालयका योजना अधिकृत उमराज अर्यालका अनुसार सबैभन्दा धेरै खैरहनी नगरपालिकामा धानबालीमा असर परेको हो । उहाँले समग्र धानबालीमा ९.४९ प्रतिशत नोक्सान भएको बताउनुभयो ।

उन्नत र हाइब्रिडजातका धानबालीमा असर पुगेको छ । उहाँले भन्नुभयो, " नौ हजार ७० मेट्रिक टन धान खानै अयोग्य हुने गरी नष्ट भएको छ ।" विगतका वर्षमा जिल्लामा एक लाख ५ हजार ८४१ मेट्रिक टन धान उत्पादन हुने गरेको थियो । सो वर्षाले अधिकाशं धानबालीमा असर परेको छ । आंशिक ढलेको, भिजेको र डुबेको विवरणको एकिन तथ्याङ्क नभएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सातवटै स्थानीय तहबाट पूर्ण क्षतिको विवरण लिएर राहतका लागि प्रदेशको मन्त्रालयमा पठाइसकेका छौं ।" प्रति क्विन्टल रु दुई हजार ८०० का दरले अनुमान गर्दा करिब रु २५ करोड ४० लाख मूल्य बराबरको नोक्सान भएको योजना अधिकृत अर्यालले जानकारी दिनुभयो ।

कृषि ज्ञान केन्द्र चितवनका प्रमुख युवराज पाण्डेले क्षतिका आधारमा किसानले राहत पाउने बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारले राहत दिने घोषणा गरिसकेको छ, कार्यविधि आउनसाथ स्थानीय तहमार्फत राहत वितरण हुन्छ ।" क्षतिको वर्गीकरण गरेर राहत वितरण गरिने उहाँले बताउनुभयो । उत्पादन लागतका आधारमा पूर्ण क्षति भएका धानबालीमा १० कठ्ठासम्म ६५ प्रतिशत, ११ देखि ४० कठ्ठासम्म ३९ प्रतिशत, ४१ कठ्ठा बढीमा २० प्रतिशतसम्म राहत दिने सरकारको तयारी छ ।

यस्तै आंशिक क्षति भएको हकमा उत्पादन लागतको २० प्रतिशत राहत दिने तयारी छ ।